# सूर्योदय नगरपालिका खोरेत रोग नियन्त्रण कार्यक्रम संचालन कार्यबिधि,२०७९

प्रस्तावनाः सूर्योदय नगरपालिकालाई गाईको स्रोतकेन्द्रको रुपमा विकास गरी उत्पादित दुधको विभिन्न परिकार लगायत गुणस्तरीय उत्पादन तथा प्रशोधन र बजारीकरणको क्षेत्रमा व्यवसायिकीकरण गर्दै अन्य मुलुकहरुमा समेत निर्यातयोग्य बनाउनका लागि सूर्योदय नगरपालिकालाइ खोरेत रोग मुक्त नगरपालिका बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि निर्माण गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यबिधिको नाम खोरेत रोग नियन्त्रण कार्यक्रम संचालन कार्यबिधि,२०७९ रहेको छ।

(२) यो कार्यबिधि कार्यपालिकाबाट स्वीकृत भई सार्वजनिक रुपमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः (१) विषय र प्रसङ्गले फरक अर्थ नलागेमा यस कार्यविधिमाः

क) “कार्यक्रम” भन्नाले नगरपालिकाको क्षेत्रमा संचालन गरिने खोरेत रोग नियन्त्रण कार्यक्रम सम्झनु पर्दछ ।

ख) "नगरपालिका" भन्नाले “सूर्योदय नगरपालिका” सम्झनु पर्दछ ।

ग) “कार्यालय” भन्नाले “सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय” सम्झनु पर्दछ ।

घ) “शाखा” भन्नाले “सूर्योदय नगरपालिका नगर कार्यपालिकाको कार्यालयको पशुसेवा शाखा” सम्झनु पर्दछ ।

ङ) “नगर प्रहरी” भन्नाले “सूर्योदय नगरपालिकाको नगर प्रहरी” सम्झनु पर्दछ ।

च) “खोरेत रोग” भन्नाले भाइरसको कारणबाट पशुहरुमा लाग्ने तथा पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५ र सो को नियमावली २०५६ (संसोधन सहित) को नियम २० को उपनियम (२) बमोजिम सूचिकृत गरेका रोगहरु मध्ये एक Foot and Mouth Disease सम्झनु पर्दछ ।

छ) “प्राविधिक” भन्नाले सूर्योदय नगरपालिका नगर कार्यपालिकाको कार्यालय पशुसेवा शाखामा कार्यरत प्राविधिक कर्मचारी सम्झनु पर्दछ ।

ज) “खोपकर्ता” भन्नाले सूर्योदय नगरपालिका क्षेत्र अन्तर्गतका पशु सेवासंग सम्बन्धित न्यूनतम ३५ दिन अवधिको तालिम प्राप्त गरेको व्यक्ति सम्झनु पर्दछ ।

## परिच्छेद-२

## कार्यविधिको आवश्यकता, लक्ष्य तथा उद्देश्य

३. कार्यविधिको आवश्यक्ताः सूर्योदय नगरपालिकालाई उन्नत गाईको स्रोत केन्द्र निर्माण गरेर अन्तराष्ट्रिय मापदण्ड बमोजिम दुग्धजन्य पदार्थको उत्पादन प्रशोधन र बजारीकरणको सुनिश्चिताको लागि कार्यक्रम संचालन गर्नुपर्ने भएकाले यो कार्यविधि निर्माण गरिएको हो ।

४. कार्यविधिको लक्ष्यः ५ वर्ष

५. कार्यविधिको उद्देश्यः यस कार्यविधिको देहाय बमोजिमका उद्देश्यहरु रहेका छन् ।

क) नगरपालिकालाई खोरेत रोग मुक्त नगरपालिका बनाउने ।

ख) कृषि तथा पशुपालन क्षेत्रलाई आकर्षक पेशाको रुपमा विकास गर्ने ।

ग) अन्तराष्ट्रीय मापदण्ड अनुसारको दुग्धजन्य पदार्थ उत्पादन गरी निर्यात प्रवर्द्धन गर्ने।

घ) पशु तथा दुग्धजन्य उत्पादनको क्षतिलाई न्यूनीकरण गरी दुध उत्पादनमा बृद्धिगरी कुल गार्हस्थ उत्पादनको
वृद्धिमा टेवा पुर्याउने ।

## परिच्छेद-३

## कार्यक्रम कार्यान्वयन

६. खोरेत मुक्त नगरपालिका निर्माणका लागि खोप सेवालाइ अभियानको रुपमा सञ्चालन गरिनेछ ।जस अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

क) समन्वय र सहकार्यमा आवश्यक मात्रा खोरेत रोग विरुद्धको खोपको व्यवस्था गरिनेछ ।

ख) खोप अभियानकर्ताहरुलाई आवश्यक सामग्री उपलब्ध गराइनेछ ।

ग) कृषकहरुलाई खोरेत रोग विरुद्ध लगाइएको खोप कार्ड उपलब्ध गराइनेछ ।

घ) खोप लगाएका पशुहरुको लगत राखिनेछ ।

ङ) खोप लगाए वापत खोपकर्तालाइ प्रति पशु रु.३०। प्रारिश्रमिक उपलब्ध गराइनेछ ।

च) सम्बन्धित वडा कार्यालय तथा वडाका जनप्रतिनिधिहरुले खोप सेवा संचालनको कार्यमा सहयोग तथा समन्वय गर्नु पर्नेछ ।

छ) खोरेत विरुद्धको खोप खरिद भण्डारण व्यवस्थापन र वितरणको व्यवस्था गरिनेछ ।

ज) प्रभावकारीरुपमा खोप सेवा सन्चालन व्यवस्थापनको जिम्मा पशु सेवा शाखाको हुनेछ ।

७. जिल्लाभित्रको वा जिल्ला बाहिरका अन्य पालिकाहरुबाट पशु चौपाया खरिद गर्नुपर्ने भएमा सम्बन्धित वडामा अनुसूची÷१ अनुसारको जानकारी गराउनु पर्नेछ र वडा कार्यालयले पशु सेवा शाखासँग समन्वय गरी खरिद स्वीकृति दिन सक्नेछ ।

क) जिल्ला वा जिल्ला बाहिरबाट खरिद गरी ल्याएका पशुहरुको अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गर्नु पर्नेछ।सो बापत लाग्ने प्राविधिक शुल्क सम्बन्धित किसानले नै व्यहोर्नु पर्नेछ ।

ख) अन्य जिल्लाबाट पशु चौपाया खरिद गर्नु परेमा सम्बन्धित जिल्लाबाट दर्तावाला भेटेरिनरी डाक्टरले जाँच

गरेको पशु स्वास्थ्य प्रमाण पत्र अनिवार्य लिएको हुनुपर्नेछ ।

ग) स्वास्थ्य परीक्षण पश्चात अन्तर पालिका वा अन्तर जिल्लाबाट खरिद गरी ल्याएको पशु चौपायालाई पन्ध्र दिन छुट्टै राख्ने व्यवस्था खरिदकर्ता कृषकले गर्नुपर्नेछ ।

८.व्यावसायिक प्रयोजनले पशु चौपाया ओसार पसार गर्दा सम्बन्धित ठाउँको दर्तावाला भेटेरिनरी डाक्टरले जारी गरेको पशु स्वास्थ्य प्रमाणपत्र अनिवार्य हुनुपर्नेछ अन्यथा ओसार पसारमा रोक लगाइनेछ ।

क) पशु स्वास्थ्य प्रमाण पत्र वा सम्बन्धित कार्यालयको स्वीकृति बिना पशु चौपायाहरुको ओसार पसार गर्न पाइने छैन ।

ख) पशु चौपाया ओसार पसारको निगरानी र नियमनका लागि नगर प्रहरी परिचालन गरिनेछ । पशु स्वास्थ्य प्रमाण पत्र नभएका पशु चौपायाको ओसार पसारमा नगर प्रहरीले रोक लगाउन सक्नेछ । सो कार्यको लागी नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपालको सहयोग लिन सकिनेछ । बिना प्रमाण ओसार पसार गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

ग) पशु चौपाया ओसार पसार गर्नेको साथमा रहेको पशु स्वास्थ्य प्रमाण पत्रको परीक्षणको कार्य पशु सेवा शाखाको प्राविधिकले गर्नेछ ।

घ) नगरपालिका क्षेत्रभित्र पैदल हिडाएर ओसारपसार गर्ने पशु चौपायाहरुको हकमा राती विश्राम गराउनु पर्दा नगरपालिकाले तोकेको स्थानमा मात्र विश्राम गराउनु पर्नेछ। सो का लागि नगरपालिकाले स्थान तोकी सबैको जानकारीका लागि सूचना प्रकाशन गर्नेछ । नगरपालिकाले तोके बाहेकको स्थानमा विश्राम गराउन पाउने छैन ।

ङ) उपदफा घ बमोजिम बिश्राम गराउनु परेमा सम्बन्धित पशु चौपाया ओसार पसार गर्ने ब्यक्ति/फर्मले सो को जानकारी पशु सेवा शाखामा अनिवार्यरुपमा गराउनु पर्नेछ ।विश्राम पश्चात विश्रामस्थलको निसंक्रमणको कार्यका लागि पशुसेवा शाखाले नगरपालिकाको कार्यालयमा जानकारी गराइ पशु प्राविधिक र नगर प्रहरीहरु परिचालन गर्न सक्नेछ ।

४. रोग लागेको वा फैलिएको शंका लागेमा पशु सेवा शाखाले रोग पहिचानको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा पशुपंक्षी रोग अन्वेषण प्रयोगशालासँग समन्वय गरी अकष्मिक रोग नियन्त्रण मिसन संचालन गर्नेछ ।

क) रोग पहिचानको समय अवधि भर सो स्थानबाट पशु चौपायाहरुको खरिद बिक्री तथा ओसारपसारमा पूर्ण रुपमा प्रतिबन्ध लगाइनेछ ।

ख) प्रयोगशाला परीक्षणबाट खोरेत रोग ठहर भएको अवस्थामा नगरपालिकाले सूचना प्रकाशन गरी सो स्थान बाट पशु चौपायाहरुको ओसारपसार खरिद बिक्री जस्ता कार्यहरु पूर्णरुपमा प्रतिबन्ध लगाइने छ र अर्को सूचना प्रकाशन नभए सम्म प्रतिबन्ध कायम रहनेछ ।

## परिच्छेद - ४

## विविध

७. अनुगमन /मूल्याङ्कन तथा निर्देशन

क) कार्यक्रम कार्यान्वयन र कार्यक्रमको अनुगमन मूल्याङ्कनका लागि नगर कार्यपालिकाले आवश्यकतानुसार बिज्ञ सहितको समिति गठन गर्न सक्नेछ ।

ख) यस कार्यविधिमा उल्लेख भएकोमा सोही बमोजिम उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

८. थपघट वा हेरफेर गर्न सक्नेः यस कार्यबिधिको कार्यन्वयनमा कुनै बाधा/अवरोध वा अस्पष्टता भएमा नगरपालिकाले बाधा अड्काउ फुकाउने प्रयोजनका लागि कार्यबिधिको आवश्यकता अनुसार ब्यख्या, संशोधन वा खारेजी गर्न सक्नेछ ।